**तेस्रो संशोधन :- २०७५।१२।२८**

**चौथो संशोधन :- २०७८।०२।०४**

# राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मानलाई व्यवस्थित गर्ने कार्यविधि, २०७२

## प्रस्तावना

निश्पक्ष, उत्तरदायी, व्यावसायिक, खोजमूलक र विश्लेषणत्मक पत्रकारिताको माध्यमवाट राष्ट्रिय हितको प्रवर्द्धन र जनतालाई सुसूचित गराउन योगदान पुर्‍याएका पत्रकार वा आमसञ्चार सम्वन्धी संस्थालाई प्रोत्साहन र सम्मान स्वरुप हरेक वर्ष नेपाल सरकारबाट प्रदान गरिने राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मान वितरण गर्ने कार्यलाई व्यवस्थित गर्न कार्यविधि वनाई लागू गर्न वाञ्छनीय भएकोले सूचना तथा संचार मन्त्रालयले **"राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मानलाई व्यवस्थित गर्ने कार्यविधि, २०७२"** बनाई जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम " राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मानलाई व्यवस्थित गर्ने कार्यविधि, २०७२** " रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषार व्याख्या : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-**

(क) "मन्त्रालय" भन्नाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई सम्झनुपर्छ ।

(ख) "समिति" भन्नाले राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मान वितरण गर्ने प्रयोजनका लागि दफा ४ बमोजिम गठन गरिएको सिफारिस समितिलाई संझनुपर्छ ।

(ग) "संयोजक" भन्नाले समितिका संयोजकलाई सम्झनुपर्छ र सो शब्दले संयोजकको अनुपस्थितिमा समितिको संयोजकको रुपमा काम गर्ने सदस्य समेतलाई सम्झनुपर्छ ।

(घ) "सदस्य" भन्नाले राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मान वितरण गर्ने प्रयोजनका लागि दफा ४ बमोजिम गठन गरिएको सिफारिस समितिका सदस्यलाई सम्झनुपर्छ ।

(ङ) "बैठक" भन्नाले समितिको बैठक सम्झनुपर्छ ।

(च) "सदस्य सचिव" भन्नाले राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मान वितरणलाई व्यवस्थित गर्ने प्रयोजनका लागि दफा ४ बमोजिम गठित समितिका सदस्य सचिव सम्झनुपर्छ ।

३. **राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मान स्थापना** : नेपाल सरकारले देहायबमोजिमका पुरस्कार र सम्मानको स्थापना गर्नेछ :

क) **राष्ट्रिय पत्रकारिता पुरस्कार** : प्रत्येक बर्ष आमसञ्चार माध्यम वा पत्रकारहरु मध्ये ६ जनालाई जनही एक एक लाख रुपैया र कदरपत्र ।

ख) **वरिष्ठ पत्रकार सम्मान** : प्रत्येक बर्ष दुई जना वरिष्ठ पत्रकारहरुलाई जनही दुई दुई लाख रुपैया र कदरपत्र ।

४. **सिफारिस समितिको गठन :** (१) राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मान प्रदान गर्न नाम सिफारिस गर्ने प्रयोजनका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले देहायबमोजिमको एक सिफारिस समिति गठन गर्नेछ :

| | |
|---|---|
| क) सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव | संयोजक |
| ख) प्रेस काउन्सिल नेपालका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| ग) पत्रकार महासंघका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| घ) मन्त्रालयले मनोनित गरेका पत्रकारिता विषयका विज्ञ, पत्रकारहरु मध्येवाट कम्तिमा एक जना महिला सहित तीन जना | सदस्य |
| ङ.) मन्त्रालयका सञ्चार महाशाखा हेर्ने सहसचिव | सदस्य सचिव |

५. **सिफारिस समितिको काम,कर्तव्य र अधिकारः**

राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मान सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) आमसञ्चार माध्यम र पत्रकारको नाम, उनीहरुको योगदान सहितको विवरण संकलन गर्ने,

(ख) आमसञ्चार माध्यम र पत्रकारको योगदानको मूल्याङ्कन गर्ने,

(ग) समितिले उपयुक्त ठानेका अन्य आधारहरु तय गर्ने,

(घ) दफा (६) का आधारमा राष्ट्रिय पत्रकारिता पुरस्कार तथा वरिष्ठ पत्रकार सम्मानको लागि नाम सिफारिस गर्ने,

(ङ) पत्रकारिता विषयका विज्ञ वा अन्य सरोकारवाला व्यक्तिलाई बैठकमा आमन्त्रित गर्न सक्ने ।

६. **राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मानका लागि नाम सिफारिस गर्दाका आधार :** राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मानको लागि सञ्चार माध्यम वा पत्रकारको सिफारिस गर्दा देहायबमोजिमका आघारहरु समेतलाई विचार गरी सिफारिस गर्नेछ ।

(क) पत्रकारिताको माध्यमवाट देशको सार्वभौमसत्ता, राष्ट्रिय हित, लोकतन्त्र र नागरिकलाई सूसुचित गराउन महत्वपूर्ण योग्यता पुऱ्याएको ।

(ख) विभिन्न जात, जाति ,सम्प्रदाय, लिङ्ग भूगोल आदिमा वसोवास गर्ने नागरिकहरु बीच एकता र सद्भावको अभिबृद्धि गर्न आफ्नो पत्रकारितालाई सदैव प्रयोग गरेको ।

(ग) आमसञ्चारमा पत्रकारिता पेसालाई निश्पक्ष, उत्तरदायी, व्यावसायिक, खोजमूलक र विश्लेषणत्मक पत्रकारिताको माध्यमवाट राष्ट्रिय हित र जनतालाई सुसूचित गराउन योगदान पुऱ्याएको ।

(घ) देशका लागि पत्रकारिताका माध्यमवाट महत्वपूर्ण योगदान पुऱ्याएको ।

(ङ) राष्ट्रिय पत्रकारिता पुरस्कार लागि सिफारिस गरिने पत्रकारले कम्तीमा १५ बर्ष पत्रकारिताको क्षेत्रमा काम गरेको र वरिष्ठ पत्रकार सम्मानको लागि सिफारिस गरिने पत्रकार कम्तीमा २० बर्ष पत्रकारिताको क्षेत्रमा काम गरेको तथा उमेर ४५ बर्ष पुगेको हुनु पर्नेछ ।

(ङ१) समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने सूचना सामाग्रीहरु प्रकाशन/प्रसारण गर्न आफ्नो पत्रकारितालाई सदैव प्रयोग गरेको ।

(च) समितिले उपयुक्त ठानेका अन्य आधारहरु ।

**७. राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मान घोषणा तथा वितरण :**

(क) दफा ४ बमोजिम गठित समितिको सिफारिसमा राष्ट्रिय पत्रकारिता पुरस्कार तथा वरिष्ठ पत्रकार सम्मान लागि सिफारिस भएका पत्रकारको नाम मन्त्रालयले घोषणा गर्नेछ ।

(ख) राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मानको वितरण हरेक बर्ष राष्ट्रिय पत्रकारिता दिवसका दिन बैशाख २४ गते गर्नेछ ।

**८. सम्मान तथा पुरस्कारका लागि वजेट :** (१) राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मान वितरणका लागि आवश्यक वजेट वार्षिक विनियोजनबाट हुनेछ ।

(२) पुरस्कार वितरणको कार्यक्रम गर्दा लाग्ने प्रशासनिक खर्च सोही विनियोजित वजेटबाट गर्नुपर्नेछ ।

**९. खारेजी र बचाउ** : वरिष्ठ पत्रकारहरुलाई सम्मान गर्न एक वरिष्ठ पत्रकार सम्मान अक्षय कोष स्थापना र सञ्चालन मापदण्ड, २०६६ र राष्ट्रिय पत्रकारिता पुरस्कार स्थापना सम्वन्धी अवधारणापत्र खारेज गरिएकोछ, सो मापदण्ड र अवधारणापत्र बमोजिम भए गरेका काम यसै बमोजिम भएको मानिनेछ ।